बैठक सङ्ख्या: ११
मिति:२०७९।११।०८
आ.व.: २०७९।८०

आज मिति २०७९।११।०८ गते बुधबार विहान ११:३० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको एघारौं बैठक गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१ श्री प्रेम बहादुर भुजेल – अध्यक्ष
२ श्री जितेन्द्रमान तामाङ – उपाध्यक्ष
३ श्री लेख बहादुर श्रेष्ठ – सदस्य
४ श्री सुजन भण्डारी – सदस्य
५ श्री ज्ञान वहादुर तामाङ – सदस्य
६ श्री लोक बहादुर कुँवर – सदस्य
७ श्री अञ्चल कुमार लामा – सदस्य
८ श्री भरत बहादुर शिवभक्ती – सदस्य
९ श्री रमेश राज खरेल – सदस्य
१० श्री मोतिलाल तामाङ – सदस्य
११ श्री दल बहादुर तामाङ – सदस्य
१२ श्री केसारमान लामा – सदस्य
१३ श्री कल्पना पहरी – सदस्य
१४ श्री कुमारी विश्वकर्मा – सदस्य
१५ श्री चमेली परियार – सदस्य
१६ श्री शान्ती ठकुरी – सदस्य
१७ श्री सुलभ पहरी – सदस्य
१८ श्री विष्णु बहादुर पहरी – सदस्य
१९ श्री देवेन्द्र सुवेदी – सचिव

अन्य उपस्थिती:

२०.श्री रुपक अधिकारी प्रशासन/ योजना शाखा प्रमुख
२१.श्री साकार अधिकारी इन्जिनियर
२२.श्री विक्रम बस्नेत लेखापाल

**छलफल, समिक्षा एवंम जानकारीका विषयहरु:**

क. भुम्लु गाउँपालिकाले आयोजना गरेको तेश्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता भुम्लु ०५ स्थित चौर्कुना खेलमैदानमा भव्यताका साथ सम्पन्न भएको मा सम्पुर्ण जनप्रतिनिधि र कर्मचारीहरुको सक्रिय सहभागिताको उच्च मुल्यांकन गर्दै अघिल्ला वर्षहरुको भन्दा अब्बल प्रतियोगिता भएको तथा यस पटको कमजोरीलाइ थप सुदृढीकरण गर्दै आगामि वर्ष समृद्ध र व्यवस्थित प्रतियोगिता सम्पन्न गर्ने गरी कार्यक्रमको समिक्षा गरियो।

ख. भुम्लु गाउँपालिकामा सहायक स्तर पाँचौको रुपमा कार्यरत कर्मचारी तुलसा खनाल संघीय लोक सेवा आयोगको सिफारिसमा नेपाल सरकारको राजस्व अधिकृतमा नियुक्ति भएकाले यस गाउँपालिकाको सामान्य प्रशासन समुहको सहायक स्तर पाँचौको दरबन्दी रिक्त रहेको व्यहोरा कार्यपालिकाले जानकारीमा लियो।

ग. वागमती प्रदेश लोकसेवा आयोगको सिफारिसमा यस गाउँपालिकामा सामान्य प्रशासन समुह अन्तर्गत सहायक स्तर पाँचौ तहमा निम्नानुसार कर्मचारी सिफारिस भइ आएका तथा निजहरुको पदस्थापन तपशिल बमोजिम भएको विषयमा जानकारी भयो।

| सिं नं | कर्मचारीको नामथर | पदस्थापन | कैफियत |
|---|---|---|---|
| १ | सुमन खडका | ०३ नं वडा कार्यालय | वडा सचिव |
| २ | रञ्जना खनाल | ०२ नं वडा कार्यालय | वडा सचिव |
| ३ | टिकाराम राइ | गाउँ कार्यपालिकाको कार्यालय | प्रशासन सहायक |

घ. भुम्लु गाउँपालिका वडा नं ०९ अन्तर्गत पर्ने खनाल गाँउ रामपुर टोलमा मण्डनदेउपुर नगरपालिकाको उपभोक्ता समितले सोहि नगरपालिकाको बजेटले मोटर बाटो निर्माण गरिरहेकोमा भुम्लु गाउँपालिकाको क्षेत्र भित्र पर्ने कार्यका लागि २०० लि डिजेल उपलब्ध गराएको छ।

ङ. आसन्न गाउँसभाको १२ अधिवेशनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिमको बजेट सीमा निर्धारण समिति तथा दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक बसेको तथा सो समितिले गरेको निर्णयहरुका विषयमा यस कार्यपालिकाले जानकारी लियो।

च. भुम्लु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र लायन्स क्लव काठमाडौ कंचनजंघा विच भुम्लु आधारभुत अस्पतालमा उपर्युक्त समयमा ३ दिने आँखा शिविर संचालन गर्न रु २ लाख ५० हजार तथा अन्य प्राविधिक पक्ष यस पालिकाले व्यहोर्ने गरि गरिएको

सम्झौताका विषयमा कार्यपालिकाले जानकारी लियो। शिविरको संचालनका सम्बन्धमा आवश्यक छलफल भयो ।

**प्रस्ताव न.१: १०औ बैठकको समिक्षा सम्बन्धमा।**

निर्णय न. १: प्रस्ताव न.१माथि छलफल गर्दा कार्यपालिकाको १०औ बैठकको निर्णयहरु तथा सो बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो।

**प्रस्ताव न.२: ११ औ अधिवेशनका लागि तय भएको श्रोतको समिक्षा गर्ने सम्बन्धमा ।**

निर्णय न.२.: प्रस्ताव न.२ माथि छलफल गर्दा आ.व. २०७९/८० का लागि ११ औ अधिवेशनमा प्रस्तुत बजेटको निमित्त अनुमानित बजेट स्रोतहरुमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकले प्रक्षेपण गरेको आ व २०७९/८० को संकुचित स्रोत अनुमानलाइ कार्यपालिका द्वारा पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ३: कार्यक्रम संशोधन प्रस्ताव सम्बन्धमा।**

निर्णय न. ३: प्रस्ताव न. ३ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ को उपदफा २ (ग) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिले बिनियोजन ऐन २०७९ माथी आवश्यक संशोधन कार्यपालिकामा स्वीकृतीका लागि प्रस्ताव पेश भएकोमा पेश भए बमोजिमनै कार्यक्रम संशोधन गर्ने गरी गाउँसभाको १२ औ अधिवेशनमा विनियोजन ऐन २०७९ माथि संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ०४: आर्थिक ऐन २०७९ माथि संशोधन प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

निर्णय न. ०४ : प्रस्ताव न. ४ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको गाउँसभाको ११ औ अधिवेशन वाट पारित आर्थिक ऐन २०७९ माथि संशोधन आवश्यक रहेको भनि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिमको स्थानीय राजस्व परामर्श समितिले गरेको निर्णय तथा यस भुम्लु गाउँकार्यपालिकाले विभिन्न समयमा स्थानीय राजस्व परामर्श समितिले आवश्यक निर्णय गरी पठाएको कर तथा दस्तुर संकलनको दररेटमा गरेको निर्णयको आधारमा आर्थिक ऐन २०७९ माथि आवश्यक संशोधन प्रस्ताव आसन्न गाँउसभाको १२ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ०५: गाँउपालिकाको आय व्ययको यथार्थ विवरण गाउँसभामा पेश गर्ने सम्बन्धमा।**

निर्णय न. ५: प्रस्ताव न. ५ माथि छलफल गर्दा यस प्रस्ताव माथि छलफल गर्दा विनियोजन ऐन २०७९ बमोजिम भुम्लु गाउँपालिकाको संचित कोषको यथार्थ आय व्ययको विवरण गाउँसभाको १२ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ०६: गाउँ सभामा पेश गर्ने अन्य प्रस्तावहरु सम्बन्धमा।**

निर्णय न. ६: प्रस्ताव न. ६ माथि छलफल गर्दा गाउँ सभामा पेश गर्न निम्नानुसारको प्रस्तावहरु अनुमोदन गरियो।



CamScanner

क. भुम्लु गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी विधेयक २०७९

ख. भुम्लु गाउँपालिकाको शिक्षा ऐन,२०७४ को पहिलो संशोधन २०७९

ग. भुम्लु गाउँपालिकाको वन ऐन २०७९

**प्रस्ताव नं ०७: कालो सूचीमा राख्न सिफारीस गर्ने सम्बन्धमा।**

निर्णय न. ७ : प्रस्ताव न. ७ माथि छलफल गर्दा यस भुम्लु गाउँपालिकाले आह्वान गरेको ठेक्का BRM/NCB/WR/01/079/80 को ठेक्का मुल्यांकनमा न्युनतम सारभुत रुपमा प्रभावग्राही भनि यस पालिकाको मुल्यांकन समितिले छनौट गरेको श्री गौरती भिमसेन निर्माण सेवा चौतारा साँगाचोक गढी ०६ सिन्धुपाल्चोकको कम्पनीलाई यस कार्यालयले मिति २०७९।०९।२५ मा सम्झौताका लागि आह्वान गरेकोमा उक्त कम्पनी सम्झौता गर्न उपस्थित नभएकोले सो कम्पनि उपर सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ५ बमोजिम को कार्य गरिएको छ। साथै उक्त कम्पनीलाइ सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ उपदफा १(ख) बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं ०८: विविध**

भुम्लु गाउँपालिकाको ११ औं गाउँ कार्यपालिकाले तपशिल बमोजिमका विविध निर्णयहरु गर्यो।

क. यस गाउँपालिकाको तर्फबाट जिल्ला खेलकुद विकास समितिले आयोजना गरेको बृहत काभ्रेपलाञ्चोक जिल्ला खेलकुद महोत्सव प्रतियोगिता २०७९ मा सहभागि नेपाल सोतोकान कराँते डो एसोशिएसन दोलालघाट उपशाखा डोजो लाइ उक्त प्रतियोगितामा सहभागि हुदाँ बापतको रकम स्रोत भर्ना माग भइ आएकोमा सो उपशाखाका प्रमुख सम्मान श्रेष्ठलाइ एकमुष्ट रु ३२ हजार मात्र उपलब्ध गराउने निर्णय गरियो।

२०७९।११।०८

CamScanner